यो आकाशवाणी हो

15th of dec 2024

समाचार अनुशीला शर्माबाट सुन्नुहोस

मुख्य समाचारहरुबाट

- प्रधानमन्त्रीले गर्नुभयो मुख्य सचिवहरूको राष्ट्रिय सम्मेलनको दोस्रो दिनको अध्यक्षता
- मध्यप्रदेशको भिक्टोरिया मार्केट भवनमा भू-विज्ञान संग्रहालयको उप-राष्ट्रपतिले गर्नुभयो उद्घाटन
- महाराष्ट्रमा महायुती सरकारको प्रतीक्षित मन्त्रिपरिषद् विस्तार सम्पन्न
- भारत र नेपालका सेनाप्रमुखबीच सकारात्मक वार्ता सम्पन्न
- भारत र अष्ट्रेलिया बीच बर्डर-गावसकर ट्रफीको तेस्रो क्रिकेट टेस्टको दोस्रो दिनको खेल समाप्त; अष्ट्रेलियाले पहिलो इनिङ्समा 7 विकेट गुमाएर बनायो 405 रन

अब समाचार विस्तारमा

प्रधानमन्त्रीले गर्नुभयो मुख्य सचिवहरूको राष्ट्रिय सम्मेलनको दोस्रो दिनको अध्यक्षता

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले नयाँ दिल्लीमा मुख्य सचिवहरूको चौथो राष्ट्रिय सम्मेलनमा लगातार दोस्रो दिन आज अध्यक्षता गरिरहनुभएको छ। गत शुक्रबार शुरू भएको यस तीन दिनको सम्मेलनको समापन सत्रमा आज श्री मोदीले आफ्नो सम्बोधन राख्नुहुनेछ। यस राष्ट्रिय सम्मेलनमा एउटा साझा विकास एजेन्डा तयार गर्न र यसलाई कार्यान्वयन गर्न बाहेक राज्यहरूसित साझेदारीको रूपरेखा तय गर्नमाथि ध्यान केन्द्रित गरिँदैछ। यस सम्मेलनको उद्देश्य केन्द्र र राज्य सरकारबीच साझेदारीलाई अधिक दह्रिलो बनाउनु तथा सहकारी संघवादलाई प्राथमिकता दिनका साथै द्रुत गतिमा वृद्धि र विकासको लक्ष्य प्राप्त गर्न उचित समन्वय सुनिश्चित गर्नु पनि हो। सबै राज्य र केन्द्रशासित प्रदेशका मुख्य सचिव, वरिष्ठ अधिकारी र विभिन्न क्षेत्रका विशेषज्ञले यस सम्मेलनमा भाग लिइरहेछन्।

मध्यप्रदेशको भिक्टोरिया मार्केट भवनमा भू-विज्ञान संग्रहालयको उप-राष्ट्रपतिले गर्नुभयो उद्घाटन

उप-राष्ट्रपति जगदीप धनखड़ले आज मध्यप्रदेशको ग्वालियरस्थित भिक्टोरिया मार्केट भवनमा भू-विज्ञान संग्रहालयको उद्घाटन गर्नुभयो। यो संग्रहालयलाई भू-विज्ञान शिक्षाको केन्द्र र जनताको आकर्षणको माध्यम बनाउने उद्देश्यले निर्माण गरिएको छ। श्री धनखड़ले जीवाजी विश्वविद्यालयमा महाराजा श्रीमन्त जीवा-जीराव सिंधियाको प्रतिमाको अनावरण पनि गर्नुभयो। यस अवसरमा राज्यपाल मंगूभाई पटेल, मुख्यमन्त्री डा. मोहन यादव र केन्द्रिय मन्त्री ज्योतिरादित्य सिंधिया पनि उपस्थित हुनुहुन्थयो।

महाराष्ट्रमा महायुती सरकारको प्रतीक्षित मन्त्रिपरिषद् विस्तार सम्पन्न

महाराष्ट्रमा सत्तारूढ महायुती सरकारको प्रतीक्षित मन्त्रिपरिषद् विस्तार आज नागपुरस्थित राजभवनमा सम्पन्न भइरहेको छ। राज्यपाल सी.पी. राधाकृष्णनले नवगठित मन्त्रीहरूलाई पद र गोपनीयताको शपथ गराउनुभएको छ। नयाँ मन्त्रिपरिषद्मा बीजेपीका 16, शिवसेनाका 10, र एनसीपीका 8 नेताहरूले शपथ लिएका छन्। वरिष्ठ नेताहरूमा, महाराष्ट्र बीजेपीका अध्यक्ष चन्द्रशेखर बावनकु-ले-ले मन्त्रिपरिषद् सदस्यको रूपमा शपथ लिनुभएको छ। बीजेपी नेताहरू राधाकृष्ण विखे पाटिल, चन्द्रकान्त पाटिल, र गिरीश महाजनले पनि शपथ लिएका छन्। त्यसैगरी, एनसीपीका नेता हसन मुश्रिफ र शिवसेनाका नेता गुलाबराव पाटिलले पनि मन्त्री पदको शपथ लिनुभएको छ।यो शपथ ग्रहण समारोह मुम्बईमा मुख्यमन्त्री देवेंद्र फडणवीस र उहाका उपमुख्यमन्त्रीहरूको शपथ ग्रहण समारोहपछि भएको हो। नयाँ मन्त्रीहरूलाई मुख्यमन्त्री देवेंद्र फडणवीस र उपमुख्यमन्त्रीहरूको उपस्थितिमा राज्यपाल सी.पी. राधाकृष्णनले शपथ गराउनुभएको हो। महाराष्ट्र विधानसभाको हिउँदे अधिवेशन भोलिदेखि सुरु हुनेछ।

केन्द्रीय गृहमन्त्री अमित शाहद्वारा माओवादीहरूलाई हतियार त्यागेर समाजको मूलधारमा फर्कन आह्वान

केन्द्रीय गृहमन्त्री अमित शाहले माओवादीहरूलाई हतियार त्याग्न र समाजको मूलधारमा सामेल हुन आग्रह गर्नुभएको छ। रायपुरमा छत्तीसगढ पुलिसलाई प्रतिष्ठित राष्ट्रपतिको निशान अलंकरण प्रदान गर्ने एक कार्यक्रममा उहाँले,केन्द्र सरकारको 31 मार्च 2026 सम्म छत्तीसगढलाई नक्सलमुक्त बनाउने संकल्प पूरा गर्न छत्तीसगढ पुलीसले वीरता र समर्पणका साथ नक्सलविरोधी अभियान सञ्चालन गरिरहेको बताउनुभयो। उहाँले छत्तीसगढ सरकारले प्रभावकारी आत्मसमर्पण नीति बनाएको उल्लेख गर्दै आत्मसमर्पण गर्ने माओवादीहरूलाई आकर्षक प्याकेज प्रदान गरिने बताउनुभयो। श्री शाहले छत्तीसगढ पुलिसलाई प्रदान गरिएको राष्ट्रपतिको निशानलाई राज्य पुलिसको सेवा, त्याग र बलिदानको प्रतीक भएको बताउनुभयो। उहाँले यसलाई केवल अलंकरण नभई जिम्मेवारीको रूपमा पनि लिनुपर्ने बताउनुभयो।यस अवसरमा गृहमन्त्रीले छत्तीसगढ पुलिसलाई प्रतिष्ठित राष्ट्रपति अलंकरण प्रदान गर्नु साथै परेडको निरीक्षण गर्नुभएको छ। गृहमन्त्री अमित शाह आज साँझ बस्तरको क्षेत्रीय मुख्यालय जगदलपुरमा बस्तर ओलम्पिकको समापन समारोहमा पनि सहभागी हुनुहुनेछ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

नयाँ दिल्लीको इण्डिया गेटमा 22औं दिव्य कला मेलाको चौथो दिन

नयाँ दिल्लीको इण्डिया गेटमा आयोजित 22औं दिव्य कला मेलाको आज चौथो दिन हो। मेलामा 20 राज्यका करिब 100 दिव्यांग उद्यमी र कारीगरले आफ्ना उत्पादन र सीपहरूको प्रदर्शन गरिरहेका छन्। यो मेला देशभरका दिव्यांग शिल्पकार, उद्यमी र कलाकारहरूको अद्भुत प्रतिभा, रचनात्मकता र उद्यमशीलतालाई प्रस्तुत गर्न आयोजित गरिएको हो। दिव्य कला मेलामा हस्तशिल्प, हातकरघा, तथा  जीवनशैलीसँग सम्बन्धित सामग्री उपलब्ध छन्। मेलामा सांस्कृतिक उत्सव विशेष आकर्षणको केन्द्र बनेको छ, जहाँ दिव्यांग कलाकारहरूले संगीत, नृत्य र अन्य कलामा मनमोहक प्रस्तुतिहरू दिइरहेका छन्।

भारत र नेपालका सेनाप्रमुखबीच सकारात्मक वार्ता सम्पन्न

भारतका सेनाध्यक्ष उपेन्द्र द्विवेदीले भारत भ्रमणमा आउनुभएको नेपालका सेनाप्रमुख सु-प्रबल जनसेवाश्री जनरल अशोकसँग सकारात्मक वार्ता गर्नुभएको छ। तीन दिने भ्रमणको क्रममा दुबै पक्षबीच विभिन्न मुद्दामा छलफल भयो, जसमा दुबै सेनाबीचको सहकार्य बढाउने र सम्बन्धलाई अझ सुदृढ बनाउने विषय समेटिएको थियो। नेपाली सेनाप्रमुखको भ्रमण हिजो सम्पन्न भएको हो। रक्षा मन्त्रालयले जनाएको छ कि नेपाली सेनाप्रमुखको यस भ्रमणले द्विपक्षीय सैन्य सहकार्य र रणनीतिक तथा रक्षा क्षेत्रका साझेदारीलाई बलियो बनाउने आधार तयार गरेको छ। मन्त्रालयले यो भ्रमणले नेपाली सेना र भारतीय सेनाबीचका लामो समयदेखि रहेका सम्बन्धलाई अझ मजबुत बनाउने लक्ष्य समेत पूरा हुने विश्वास व्यक्त गरेको छ।

आम आदमी पार्टीले दिल्ली विधानसभा चुनावका लागि चौथो सूची गर्यो सार्वजनिक

आम आदमी पार्टीले आउँदो दिल्ली विधानसभा चुनावका लागि 38 उम्मेदवारहरूको चौथो सूची सार्वजनिक गरेको छ। दिल्लीकी मुख्यमन्त्री श्रीमती आतिशीलाई कालकाजी विधानसभा क्षेत्रबाट मैदानमा उतारिएको छ। अन्य प्रमुख नामहरूमा आपका राष्ट्रिय संयोजक र पूर्व मुख्यमन्त्री अरविन्द केजरीवाललाई नयाँ दिल्ली निर्वाचन क्षेत्रबाट उम्मेदवार बनाइएको छ। यस सूचीमा राज्य मन्त्रीहरू सौरभ भारद्वाजलाई ग्रेटर कैलाश, गोपाल रायलाई बाबर-पुर, र इमरान हुसैनलाई बल्ली-मारान क्षेत्रको चुनाव उम्मेदवार बनाइएको छ।

भारत र अष्ट्रेलिया बीच बर्डर-गावसकर ट्रफीको तेस्रो क्रिकेट टेस्टको दोस्रो दिनको खेल समाप्त; अष्ट्रेलियाले पहिलो इनिङ्समा 7 विकेट गुमाएर बनायो 405 रन

ब्रिस्बेनमा भारत र अष्ट्रेलियाबीच बर्डर-गावसकर ट्रफीको तेस्रो क्रिकेट टेस्टको दोस्रो दिनको खेल समाप्त हुँदासम्म अष्ट्रेलियाले पहिलो इनिङ्समा 7 विकेट गुमाएर 405 रन बनाएको छ। यस इनिङ्समा अष्ट्रेलियाका स्टिभ स्मिथ र ट्राभिस हेडले चौथो विकेटका लागि 241 रनको महत्त्वपूर्ण साझेदारी गरे। भारतका लागि जसप्रीत बुमराहले 5 विकेट लिए। दुवै देशबीच 5 खेलको यो शृंखला हालसम्म 1-1 को बराबरीमा रहेको छ।

अन्त्यमा मुख्य समाचार फेरी एक पल्ट

- प्रधानमन्त्रीले गर्नुभयो मुख्य सचिवहरूको राष्ट्रिय सम्मेलनको दोस्रो दिनको अध्यक्षता
- मध्यप्रदेशको भिक्टोरिया मार्केट भवनमा भू-विज्ञान संग्रहालयको उप-राष्ट्रपतिले गर्नुभयो उद्घाटन
- महाराष्ट्रमा महायुती सरकारको प्रतीक्षित मन्त्रिपरिषद् विस्तार सम्पन्न
- भारत र नेपालका सेनाप्रमुखबीच सकारात्मक वार्ता सम्पन्न
- भारत र अष्ट्रेलिया बीच बर्डर-गावसकर ट्रफीको तेस्रो क्रिकेट टेस्टको दोस्रो दिनको खेल समाप्त; अष्ट्रेलियाले पहिलो इनिङ्‌समा 7 विकेट गुमाएर बनायो 405 रन